annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ८८ पृष्ठ ८ | काठमाडौं, आइतबार १३ … ८१ | श्रावण कृष्णपक्ष अष्टमी, नेपाल संवत् ११४४ | SUNDAY, JULY 28, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

समाचार टिप्पणी


# नयाँ सरकारका परराष्ट्र प्राथमिकता

यतिबेला देशका दुई प्रमुख राजनीतिक दल नेपाली कांग्रेस र नेकपा एमालेले शक्तिशाली सरकारको गठन गरेका छन् । निश्चय नै यो शक्तिसम्पन्न सरकार निर्माणले आन्तरिक र वाह्य नीतिमा असर गर्छ नै । आन्तरिक रूपमा दुई ठूला दलले २०७२ सालमा निर्माण भएको संविधानको पुनरावलोकन र संशोधन गर्ने घोषणा गरेका छन्, यति यो विषय अगाडि बढ्यो भने यसले आन्तरिक राजनीतिमा निश्चय नै नयाँ परिवेश निर्माण हुने छ ।

**कमलदेव भट्टराई** | *काठमाडौं*

**– को रिपोर्ट**

समाचार पृष्ठ २




# चिकित्सक बिना कसरी उपचार



**कृष्णानन्द भट्ट**

इजलास

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क गरेको छ। त्यसैगरी स्वास्थ्यमा समान पहुँचको व्यवस्था छ। अस्पतालमा अहिले सबैभन्दा टड्कारो समस्या भनेको जनशक्ति र उपकरण अभाव हो।

२०४० सालपूर्वको स्वीकृत दरबन्दीअनुसार अहिले अस्पताल चलिरहेको हो। उक्त दरबन्दी अहिलेसम्म संशोधन हुन सकेको छैन। जसका कारण विशेषज्ञ चिकित्सकको अभाव झेल्नु परेको छ। थोरै जनशक्तिले गुणस्तरीय सेवाको परिकल्पना गर्न सकिँदैन। अहिले जनसंख्या वृद्धिसँगै सेवाग्राहीको संख्या बढेको छ तर सो अनुपातमा जनशक्ति, अत्यावश्यक उपकरण र भौतिक संरचनाको अभावले अस्पतालबाट दिइने सेवा प्रवाहमा समस्या हुने गरेको छ। पर्याप्त जनशक्तिसहितको उपकरण तथा औषधि व्यवस्थापन गर्नु नै अहिलेको मुख्य आवश्यकता हो। देशमा तीन तहको सरकार निर्माणपछि प्रदेश र स्थानीय तहमा दरबन्दीअनुसारका विशेषज्ञ चिकित्सक नहुँदा जनताले गुणस्तरीय सेवाबाट वञ्चित हुनु परेको छ।

गुणस्तरीय सेवा प्रवाह गर्न वर्तमान अवस्थालाई मध्यनजर गर्दै नयाँ (ओएनएम) सर्भेअनुसार दरबन्दी स्वीकृत गरी लोकसेवाबाट स्थायी पदपूर्ति गर्नु नै उत्तम विकल्प हो। २०४८ सालको जनसंख्यालाई आधार मानी तत्कालीन समयमा कायम रहेका स्वास्थ्य सेवाको जनशक्तिले २०८१ सालसम्मको जनसंख्यालाई नै सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्ने सोच हालसम्म पनि कायम रहनु अत्यन्त अवैज्ञानिक हो।

यो सोचलाई समयसापेक्ष परिवर्तन गर्नु अपरिहार्य भइसकेको छ। अहिले पनि स्वास्थ्यको ठूलो जनशक्ति काठमाडौंमा केन्द्रित छ। प्रदेश, जिल्ला र स्थानीय तहमा स्वास्थ्यका दक्ष जनशक्तिको चरम अभाव छ।

साथै स्वास्थ्य संस्थाहरूलाई स्वास्थ्य बिमाबापतको रकम समयमा भुक्तानी नहुँदा औषधिको अभाव सिर्जना भई सेवाबाट वञ्चित हुनु परेको छ।

*(भट्ट, महाकाली प्रादेशिक अस्पताल व्यवस्थापन समिति महेन्द्रनगरका अध्यक्ष हुन् ।)*

# देशभर १० जनामा हैजा

**काठमाडौं** (रासस) : स्वास्थ्य सेवा विभागअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले देशभर हालसम्म १० जनामा हैजा संक्रमण पुष्टि भएको जनाएको छ। ललितपुरमा ७ र कैलालीमा ३ जनामा हैजा पुष्टि भएको महाशाखाका निर्देशक डा. यदुचन्द्र घिमिरेले जानकारी दिए।

उनले हैजाबाट बच्न व्यक्तिगत सरसफाइ र सम्बन्धित निकायको व्यवस्थापकीय भूमिका महत्वपूर्ण रहेको बताए। उनले भने, 'हैजाको सम्बन्ध सरसफाइबाहेक खानेपानीको आपूर्तिसँग पनि जोडिएको छ। ललितपुरमा इनारको पानीमा दिसामा देखिने जीवाणु भेटिएको हो। ढलबाट मिसिएको हुनसक्छ। शौचालयको अवस्था र फोहोरको व्यवस्थापन कस्तो छ त्यसले पनि भर पर्छ। हैजा फैलिन नदिन यी सबैमा ध्यान दिनु जरुरी छ।'

हैजा 'भिब्रियो कोलेरी' प्रजातिको जीवाणुबाट मानिसमा लाग्ने अति संक्रामक झाडापखालासम्बन्धी रोग हो। शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका संक्रामक रोग विशेषज्ञ डा शेरबहादुर पुनले भने, 'हैजाका जीवाणु संक्रमित खाना वा पानीको सेवनका कारण लाग्ने गर्छ। सरसफाइ तथा स्वच्छ खानेपानीको कमीले यो रोग फैलिने सम्भावना रहन्छ।'



हैजा संक्रमण भएको एक दिनभन्दा कम समयदेखि पाँच दिनसम्म लक्षणहरू देखा पर्छन्। हैजा संक्रमण भयो र उपचार पाएन भने केही घण्टामै संक्रमितको मृत्यु पनि हुनसक्ने विज्ञ बताउँछन्। डा. पुनका अनुसार यसका मुख्य लक्षणमा पातलो तथा चौलानी पानी जस्तो दिसा, वाकवाकी र बान्ता हुने, कडा जलवियोजन हुने हुन्छ। कडा लक्षण देखिएमा आँखा गाडिने, मुख जिब्रो र घाँटी सुक्खा हुनु, तिर्खा लाग्नु, छाला सुक्खा हुनु, रक्तचाप कम हुन, पिसाब पहेँलो हुनु र पिसाबको मात्रा कम हुने हुन्छ।

» बाँकी पृष्ठ ६

# हिमालमै पिउने पानीको अभाव, मेट्दै छ मिनिरल वाटरले प्यास

**रामचन्द्र न्यौपाने** | *डोल्पा*

नदीनाला र मूलको प्रमुख स्रोत हिमालमै पिउने पानीको अभाव हुन थालेको छ। हिउँदमा बाढी, पहिरो र बर्खामा मुहान सुकेर हिमाली क्षेत्रमै पिउने पानीको अभाव हुन थालेको हो। यतिबेला हिमाली जिल्ला डोल्पा सदरमुकाम दुनैमा पिउने पानीको चरम समस्या भएको छ। वर्षायाम सुरु भएसँगै ठूलीभेरी नगरपालिका-३ मा पर्ने दुनैमा पिउनेपानीको समस्या भएको हो। तर, यो समस्या मौसमी भने होइन।

प्रत्येक वर्ष दुनै बजारवासीले पिउने पानीको समस्या भोग्नु परेको छ। हिउँद र बर्खा दुवै समय बजारवासीलाई पिउने पानीकै पिरलो हुन्छ। प्रत्येक महिनामा कहिलेकाहीँ एक साता नै धारामा पानी नआउने गरेको दुनैवासीले गुनासो गरे। बर्खाको समयमा बाढी र पहिरोले कहिलेकाहीँ साता दिनसम्म पनि धारामा पानी नआउने गरेको होटल व्यवसायी बिरमलकुमार भण्डारीले बताए।

'दुनैमा दिन प्रतिदिन सर्वसाधारणको चाप बढिरहेको छ, वर्षौंदेखि कायमै रहेको पिउने पानीको समस्यामा सुधार हुन सकेको छैन, वर्षौंदेखि दुनैवासीले बाह्रैमास पिउने पानीको समस्या भोग्नु परेको छ', भण्डारीले भने।

'बर्सेनि खानीपानी मर्मतका नाममा दुनै खानेपानी उपभोक्ता समितिमा लाखौं रकम आउँछ, स्थानीयदेखि संघीय जनप्रतिनिधिको नारा पनि दुनैमा पानीको समस्या समाधान गर्ने हुन्छ तर जितसँगै सबै बाचा बिलाएर जान्छन्।'

'तीन दिन अघिमात्र जिल्ला प्रशासन, खानेपानी कार्यालय र जिल्ला समन्वय समितिका प्रमुखलाई समेत पिउने पानीको समस्याबारे ध्यानाकर्षण गराएका छौं। उहाँहरू पनि वर्षौंदेखि यही समस्या भोगी राख्नुभएको छ। दिगो बनाउनेतर्फ ध्यान भने गएको छैन', उनले थपे। दुनैमा पानी नभएपछि जुफालबाट जिपमा पानी मगाएर प्रयोग गर्न बाध्य भएको उनको गुनासो छ।

धारामा पानी दिन बिराएर आउने र आए पनि पिउनै नमिल्ने धमिलो पानी आउन थालेपछि व्यापारीले नेपालगञ्जबाट लाखौं मूल्य बराबरको बोतलको पानी आयात गर्न थालेका छन्। एक वर्षयता दुनैमा पनि मिनिरल वाटरको माग बढ्न थालेको व्यापारीहरू बताउँछन्। दुनैमा पिउने पानीका चरम समस्या भएपछि सर्वसाधारण र कर्मचारीहरू बजारको पानी किनेर खान बाध्य भएका छन्।

धारामा पानी कहिले आउने र कहिले नआउने भएपछि ५० रुपैयाँसम्म मूल्य तिरेर मिनिरल वाटर किनेर पिउन बाध्य भएको संघीय सरकार मातहतको एक कार्यालयका प्रमुखले नाम नखुलाउने सर्तमा दुखेसो पोखे। 'धारामा पानी आउँदैन। एक/दुई घण्टा आए पनि लेदो र चुनायुक्त पिउन नमिल्ने पानी आउँछ। बर्खा सुरु भएपछि कहिलेकाहीँ त्यही पानी पनि आउँदैन। कतिन्जेल ५० रुपैयाँ तिरेर बोतलको पानी किनेर खाने ?' उनले प्रश्न गरे।



धारामा धेरैजसो समय पानी नआउने र आए पनि धमिलो आउने भएकाले शरीर सरसफाइ गर्न पनि बजारमा किनिएको बोतलको पानी प्रयोग गर्ने गरिएको दुनैका कर्मचारीको गुनासो छ। यता जिल्ला समन्वय समिति डोल्पाका प्रमुख श्यामबहादुर रोकायले दुनै खानेपानी उपभोक्ता समितिमा सधैं करोडौं बजेट चुहिने गरे पनि धारामा पानी भने नचुहिने बताए।

'बर्सेनि लाखौं बजेट विभिन्न शीर्षकमा समितिमा आउँछ, उक्त बजेटको उपलब्धि भने देखिँदैन। दुनैले सधैं खानेपानीको समस्या भोग्नु परेको छ। म प्रमुख मात्र होइन उपभोक्ता पनि हुँ। पिउने पानीको समस्याले आजित भएको छु', रोकायले भने। 'जिल्लामा पिउने पानीलाई नियमित गराउन जनशक्ति परिचालन गरिनुपर्छ। समितिका पदाधिकारीले अनुगमन गर्ने हो। आफैं दौडिएर हुँदैन। यस विषयमा वडा सरकार पनि चनाखो हुनुपर्ने हो तर कुनै चासो छैन', उनले भने।

पानी पिउन पाउनु जनताको आधारभूत आवश्यकता भएकाले धारामा नियमित पानी आउनुपर्ने उनको भनाइ छ। नागरिक समाज डोल्पाका अध्यक्ष शेरबहादुर बुढाले प्रत्येक वर्ष पानीको समस्या बिकराल बन्दै गएको बताए।

» बाँकी पृष्ठ ६